# जातिय अल्पसंख्यकहरुको समानताको प्रवद्र्धनका लागि
# विद्यमान तथा योजनाबद्ध उपायहरु

## भन्सार तथा अन्तः शुल्क सेवाहरु

भन्सार तथा अन्तशुल्क विभाग (सी एण्ड इडी) कानून कार्यान्वयन गर्ने निकाय हो जसले हङकङ विषेश प्रशासनिक क्षेत्रलाई तस्करीबाट सुरक्षा प्रदान गर्दछ, करयोग्य वस्तुहरुबाट राजस्व संकलन र सुरक्षा गर्दछ, लागूऔषध ओसारपोसार तथा लागू पदार्थ दुर्व्यसनको खोजी तथा रोकथाम गर्दछ, बौद्धिक सम्पत्तिको अधिकारको सुरक्षा गर्दछ, उपभोक्ता हितहरुको सुरक्षा गर्दछ, वैध व्यपारको सुरक्षा तथा सहजीकरण गर्दछ तथा अन्तराष्ट्रिय दायित्वहरु पूरा गर्दछ । हामी जात र जातिय मूलको आधारमा भेदभाव नगरी सधैँ व्यवसायिकता तथा निष्पक्षताका साथ सेवा प्रदान गर्दछौ ।

### क) जनतासँगको अन्तरक्रिया

विद्यमान उपायहरु

- सेवाहरु चीनी र/वा अंग्रेजी भाषामा प्रदान गरिन्छ । जनतामा वितरणका लागि उपलब्ध जानकारी पर्चा र पम्प्लेट चीनी तथा अङ्गेरजी दुवै भाषामा छापिएका छन् ।
- भन्सार तथा अन्तःशुल्क विभागले गिरफ्तार गरिएका र हिरासतमा राखिएका अल्पसंख्यक जातिहरुले सान्दर्भिक कानुन र अधिकारहरु बुझ्न सकुन् भन्ने सुनिश्चित गर्न आवश्यकताअनुसार दोभाषे सेवाहरु प्रदान गर्दछ ।

भविष्यको कामको लेखाजोखा

- भन्सार तथा अन्तःशुल्क विभागले समय समयमा आफ्ना सेवाहरुको लेखाजोखा गर्दछ र आवश्यकताअनुसार सुधार गर्दछ ।

### ख) कर्मचारीको तालिम

विद्यमान उपायहरु

- कर्मचारीहरुको जातिय समानता विषयको संवेदनशीलता अभिवृद्धि गर्नका लागि भन्सार तथा अन्तशुल्क विभागका सम्पूर्ण नवप्रवेशी कर्मचारीहरुले परिचय तालिमको दौरान जातिय समानतासम्बन्धी तालिम लिनुपर्दछ ।
- बहुसांस्कृतिक र सम्मानजनक कार्य संस्कृतिलाई प्रोत्साहन गर्न जातिय समानतासम्बन्धी आन्तरिक पाठहरुको व्यवस्था गरिन्छ ।

| | | |
|---|---|---|
| भविष्यको कामको लेखाजोखा | • | भन्सार तथा अन्तःशुल्क विभागले आफ्नो तालिम नीतिको नियमित लेखाजोखा तथा पुनरावलोकन गर्दछ । जातिय समानतासम्बन्धी आफ्ना कर्मचारीहरुको ज्ञानलाई अभिवृद्धि गर्नका लागि उपयुक्त तालिम कार्यक्रमहरुको व्यवस्था गर्न जातिय समानतासम्बन्धी आफ्ना तालिमका विषयवस्तुलाई थप उन्नत बनाउनका लागि अधिकृत, अन्य विभाग तथा गैर–सरकारी संस्थाहरुबाट सुझाव तथा प्रतिक्रियाहरु संकलन गरिन्छ । |

**सोधपुछ/गुनासाहरु**

देहाय बमोजिमका माध्यमहरु मार्फत सोधपुछ÷गुनासाहरु व्यक्त गर्न सकिनेछः

सोधपुछ हटलाइन नम्बरः 2815 7711
फ्याक्सः 2542 3334
इमेलः customsenquiry@customs.gov.hk

**भन्सार तथा अन्तःशुल्क विभाग**
**जुलाई 2019**